बराहक्षेत्र नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## चक्रघट्टी, सुनसरी

१ नं. प्रदेश, नेपाल

प. सं. :- २०७६/०७७

च. नं. :- २०५

मिति : २०७६/०६/२७

**विषय : स्वीकृति सम्बन्धमा ।**

श्री बराहक्षेत्र नगर अस्पताल

बराहक्षेत्र न.पा. -६, सुनसरी ।

प्रस्तुत बिषयमा बराहक्षेत्र नगर अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७६ अनुसार स्थापित भई मिति २०७६।०४।१३ गतेदेखि सञ्चालन भएको बराहक्षेत्र नगर अस्पताललाई मिति २०७६।०५।२५ गतेको बराहक्षेत्र नगर कार्यपालिकाको बैठकको निर्णयानुसार तत्काललाई १५ शैया सञ्चालनको स्वीकृति गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै बराहक्षेत्र नगर अस्पतालको यसै साथ संलग्न संगठन तथा व्यवस्थपन सर्वेक्षण, प्राविधिक एवं प्रशासनिक दरबन्दी र स्वास्थ्य सेवा शुल्क सोही (मिति २०७६।०५।२५ गतेको बराहक्षेत्र नगर कार्यपालिका) बैठकको निर्णयानुसार स्वीकृत गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

मनु कुमार लिम्बु सुब्बा

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशाशकिय अधिकृत

Scanned with CamScanner

# बराहक्षेत्र नगर अस्पतालको स्वीकृत

# 'संगठन तथा ब्यबस्थापन सर्बेक्षण'

बराहक्षेत्र नगरपालिकासंग भएका श्रोत र साधनको अधिकतम उपयोग गरि यहाका सर्बसाधारण जनतालाई संघ र प्रदेश सरकारद्वारा नियमित रुपमा उपलब्ध गराईएका स्वास्थ्य सेवा भन्दा थप प्रवर्धनात्मक, प्रतिकारात्मका, उपचारात्मक तथा पुनर्स्थापनात्म स्वास्थ्य सेवा सुबिधा उपलब्ध गराउन यस नगरपालिकाको सदरमुकाम चक्रघट्टीमा 'बराहक्षेत्र नगरअस्पताल' संचालन गर्नका लागि 'बराहक्षेत्र नगरअस्पताल ब्यबस्थापन समिति गठन आदेश २०७६' मिति २०७६/०२/१३ गतेको बराहक्षेत्र नगर कार्यपालिका द्वारा जारी भई मिति २०७६/०४/१३ गते देखि बिधिबत रुपमा संचालनमा रहेको छ । दिगो रुपमा निम्न उल्लेखित स्वास्थ्य सेवा प्रदान गर्न निम्नानुसारको प्रशासानिक तथा प्राबिधिक दरबन्दीको स्वीकृति मिति २०७६/०५/२५ गतेको बराहक्षेत्र नगर कार्यपालिकाद्वारा स्वीकृत गरिएको छ ।

**क) बराहक्षेत्र नगर अस्पतालले उपलब्ध गराउने स्वास्थ्य सेवाहरु:-**

१) ओ.पी.डी. सेवा:- बर्षको ३६५ दिनै (शनिबार, सार्बजनिक बिदा र चाडपर्बको दिनमा समेत) 'बिहान ७:०० बजे देखि बेलुकी ८:०० बजे सम्म' नियमित रुपमा ओ पी डी संचालन गर्ने,

२) २४ सै घण्टा ईमर्जेन्सी, ल्याब, एक्सरे, फार्मेसी, ई सी जी, लगाएतका स्वास्थ्य सेवाहरु संचालन गर्ने,

३) बिरामी भर्ना कक्ष (वार्ड) १५ शैया संचालन गर्ने,

४) भिडियो एक्सरे आवश्यकता अनुरुपका दिनहरुमा संचालन गर्ने,

५) आखा, दात, फिजियोथेरापी लगाएतका सेवाहरु संचालन गर्ने,

६) विभिन्न किसिमका आवश्यकता अनुरुपका बिशेषज्ञ सेवाहरु संचालन गर्ने,

७) छिमेकि सरकारी/गैरसरकारी संघ/संस्थाहरु संग सहकार्य/समन्वय गरि धेरै भन्दा धेरै जनता/सेवाग्राहीहरुलाई गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्ने ।

**ख) प्राबिधिक तथा प्रशासनिक दरबन्दी:-**

माथि उल्लेखित स्वास्थ्य सेवाहरु नियमित रुपमा संचालन गर्न निम्नानुसार तोकिए बमोजिमका ६० (साठी) जनाको 'प्राबिधिक तथा प्रशासनिक पद' को दरबन्दी स्वीकृति मिति २०७६/०५/२५ गतेको बराहक्षेत्र नगर कार्यपालिका द्वारा गरिएको छ । तर आम्दानीको आधारमा सेवा सुबिधा दिने गरि, कोहिकसै व्यक्ति वा संघसंस्थाबाट प्रयोजन गर्ने गरि, सम्बन्धित कर्मचारी बिना सम्बन्धित सेवा नै प्रभावित हुने अवस्था भएमा वा कुनै नया स्वास्थ्य सेवा थप गर्नु परेमा वा सेवा सुबिधाको गुणस्तर बृद्धि गर्नु परेमा आन्तरिक श्रोतबाट ब्यबस्थापन हुने गरि अस्पताल ब्यबस्थापन समितिले निर्णय गरि आवस्यक जनशक्ति थप गर्न सक्नेछ ।

नि. प्रमुख प्रशाशकिय अधिकृत

Scanned with CamScanner

## बराहक्षेत्र नगर अस्पतालको
## 'प्राबिधिक तथा प्रशासनिक पद' स्वीकृत दरबन्दी

| क्र.सं. | पद | न्युनतम योग्यता | दरबन्दी संख्या | कै |
|---|---|---|---|---|
| १ | Managing Director (ब्यबस्थापक) | (≥MBBS) | १ (एक) | **प्रशासनिक** |
| २ | Deputy Managing Director (सहायक ब्यबस्थापक) | (≥MBBS/BPH/BBS) | १ (एक) | **प्रशासनिक** |
| ३ | बिशेषज्ञ चिकित्सक | (Gyne/MDGP/Pedia/MD/MS) | १ (एक) | **प्राबिधिक** |
| ४ | मेडिकल अधिकृत | (≥MBBS) | ५ (पाच) | **प्राबिधिक** |
| ५ | दन्त चिकित्सक | (≥BDS) | १ (एक) | **प्राबिधिक** |
| ६ | फिजियोथेरापी | (≥BPT) | १ (एक) | **प्राबिधिक** |
| ७ | जनस्वास्थ्य अधिकृत | (≥BPH) | १ (एक) | **प्रशासनिक** |
| ८ | लेखा अधिकृत | (≥BBS) | १ (एक) | **प्रशासनिक** |
| ९ | प्रशासन सहायक/ लेखापाल /स्टोर सहायक/Receptionist/सोधपुछ | (≥10+2) | ५ (पाच) | **प्रशासनिक** |
| १० | Optometry | (≥Diploma In Optometry) | १ (एक) | **प्राबिधिक** |
| ११ | रडियोग्राफि | (≥Diploma In Radiography) | ३ (तीन) | **प्राबिधिक** |
| १२ | हे.अ. | (≥HA) | ३ (तीन) | **प्राबिधिक** |
| १३ | Staff nurse | (≥Staff Nurse) | ३ (तीन) | **प्राबिधिक** |
| १४ | ल्याब टेक्निसियन | (≥Lab Tech) | ३ (तीन) | **प्राबिधिक** |
| १५ | फार्मेसी | (≥D.pharma) | ३ (तीन) | **प्राबिधिक** |
| १६ | ल्याब असिस्टेन्ट | (≥Lab Assist) | ५ (पाच) | **प्राबिधिक** |
| १७ | अ हे ब/अ न मि | (≥ANM/CMA) | १५ (पन्ध्र) | **प्राबिधिक** |
| १८ | कार्यालय सहयोगी | SLC/सो सरह | ३ (तीन) | - |
| १९ | स्विपर | सामान्य लेख्न पढ्न | २ (दुई) | - |
| २० | ड्राईभर | सवारी साधन लाईसेन्स | २ (दुई) | - |
| | **जम्मा कर्मचारी संख्या** | | **६० (साठी)** | |

*****

नि. प्रमुख प्रशाशकिय अधिकृत

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी
१ नं. प्रदेश, नेपाल

Scanned with CamScanner